दर्ता नं. ११/०८२
दर्ता मिति: २०८२/०२/०२
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सचिव

# अपाङ्गता भएका व्यक्तिको आवासीय पुनःस्थापना केन्द्र सञ्चालन कार्यविधि, २०७९

(पहिलो संशोधन-२०८०/०६/१८)

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

**प्रस्तावनाः** अपाङ्गता भएका व्यक्तिलाई आवासीय रुपमा पुनःस्थापना गर्नको लागि अपाङ्गता भएका व्यक्तिको आवासीय पुनःस्थापना केन्द्र सञ्चालन कार्यविधि बनाइ लागू गर्न वाञ्छनीय भएकोले, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिको आवासीय पुनःस्थापना केन्द्र सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "अति अशक्त अपाङ्गता" भन्नाले निलो रङ्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ सम्झनु पर्छ।

(घ) "पूर्ण अशक्त अपाङ्गता" भन्नाले रातो रङ्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ङ) "सिफारिस समिति" भन्नाले दफा ५ बमोजिमको आवासीय पुनःस्थापना सिफारिस समिति सम्झनु पर्छ।

(च) *"कडा रोग" भन्नाले मुटुरोग, मृगौला सम्बन्धी रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाइनलकर्ड इन्जुरी, सिकलसेल, एनिमिया रोगलाई सम्झनु पर्छ।

सुरेन्द्रराज आचार्य
मन्त्री

* पहिलो संशोधनद्वारा थप ।

सचिव

परिच्छेद-२

## अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना केन्द्रमा पठाउने प्रक्रिया

३. **पुनःस्थापना सम्बन्धी व्यवस्थाः** अपाङ्गता भएका व्यक्तिलाई मन्त्रालयले आवासीय पुनःस्थापनाको व्यवस्था गर्नेछ ।

४. **निवेदन दिनु पर्नेः** (१) पुनःस्थापना केन्द्रमा बस्न चाहने पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति वा निजको तर्फबाट संरक्षक वा परिवारका सदस्यले अनुसूची-१ बमोजिमको विवरण सहित मन्त्रालयमा देहाय बमोजिमका कागजातहरु संलग्न राखी निवेदन दिनु पर्नेछः-

(क) पूर्ण अशक्त अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

(ख) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) आमाबाबु बेपत्ता भएको भए सम्बन्धित प्रहरी कार्यालयको सर्जमीन मुचुल्का,

(घ) आमाबाबु दुबैको मृत्यु भएमा मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफैं रोजगार गरी जीवनयापन गर्न नसक्ने भनी सम्बन्धित स्थानीय तहको सिफारिसपत्र,

(च) आमाबाबु दुवै पूर्ण अशक्त अपाङ्गता भएको भए निजहरूको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

(छ) ♥आमाबाबुलाई कडा रोग लागि आफ्नै स्याहार सुसार समेत गर्न नसक्ने अशक्त भए कम्तीमा जिल्लास्तरको सरकारी अस्पतालको सिफारिस,

(ज) अपाङ्गता भएका व्यक्तिको आमावुवा वा संरक्षक वा परिवारका सदस्यको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा संरक्षक संस्था भए सो संस्थाको प्रमुख कर्मचारीको कर्मचारी परिचयपत्रको प्रतिलिपि,

(झ) दफा ६ को खण्ड (ज) बमोजिमको व्यक्तिभएमा सो पुष्टि गर्ने स्थानीय तहको सिफारिस,

मन्त्री

♥ पहिलो संशोधनद्वारा संशोधित।

सचिव

(ञ) [♥]अपाङ्गता भएको व्यक्तिको असक्तताको अवस्था, पारिवारिक अवस्था, आर्थिक अवस्था र संरक्षक भएनभएको सम्बन्धमा सम्पूर्ण विवरण खुलेको राष्ट्रिय अपाङ्ग महासंघ-सम्बन्धित प्रदेशको सिफारिसपत्र।

(ट) [♥]बेवारिसे अपाङ्गता भएका व्यक्तिको हकमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको सिफारिसपत्र।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वेवारिसे, परिवारका सदस्य कोही नभएका अति अशक्त अपाङ्गता भएको व्यक्तिले समेत उपदफा (१) बमोजिमका कागजात सहित मन्त्रालयमा निवेदन दिन सक्नेछ।

५. <u>सिफारिस समितिः</u> (१) दफा ४ बमोजिमको निवेदन तथा विवरणका आधारमा अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना केन्द्रमा पठाउनका लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक आवासीय पुनःस्थापना सिफारिस समिति रहनेछः-

(क) प्रमुख, समाज कल्याण तथा संघ संस्था समन्वय महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि (अधिकृतस्तरको स्वास्थ्यकर्मी), स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि (अधिकृतस्तर), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(च) अध्यक्ष, , राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल -सदस्य

(छ) प्रमुख, अपाङ्गता अधिकार प्रवर्धन शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले आवश्यकता अनुसार अपाङ्गता सम्बन्धी विषयको विज्ञ वा पुनःस्थापना केन्द्रको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

सुरेन्द्रराज आचार्य
मन्त्री

---

[♥] पहिलो संशोधनद्वारा संशोधित।

[♥] पहिलो संशोधनद्वारा संशोधित।

(३) सिफारिस समितिले अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना केन्द्रमा पठाउनको लागि सिफारिस गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

६. <u>सिफारिस सम्बन्धी व्यवस्था</u>ः (१) सिफारिस समितिले दफा ४ बमोजिमको निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गरी देहायको प्राथमिकताको आधारमा अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना केन्द्रमा राख्नको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछः-

(क) आमाबाबु दुवैको मृत्यु भएको,

(ख) आमाबाबु दुवै बेपत्ता भएको,

(ग) आमाबाबु दुवै पूर्ण अशक्त अपाङ्गता भएको,

(घ) आमाबाबु दुवै अठ्साठ्ठी वर्ष उमेर नाघेको,

तर पिछडिएको क्षेत्रका बासिन्दा र दलित समूदायको हकमा आमाबाबु दुवैको उमेर साठी वर्ष नाघेको।

(ङ) आमाबाबु दुवैलाई ♥कडा रोग लागेको,

(च) बाबु वेपत्ता वा मृत्यु भई आमाले अर्कैसँग विवाह गरेको,

(छ) अविवाहित, परिवारका सदस्य वा संरक्षक कोही नभएको,

(ज) बाबुले आमा र अपाङ्गता भएको सन्तानलाई खान लगाउन नदिई छुट्टै बसेको र आमा आय आर्जन गर्न असमर्थ रहेको भएमा त्यस्तो अवस्थामा रहेका पूर्ण अशक्त अपाङ्गता भएका सन्तान।

(२) समितिले दफा ४ को उपदफा (२) बमोजिम प्राप्त निवेदनको आधारमा अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई समेत पुनःस्थापनाको लागि मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ।

७. <u>पुनः स्थापनाको लागि पठाउने</u>ः (१) दफा ६ बमोजिम सिफारिस भई आएका अपाङ्गता भएका व्यक्तिलाई मन्त्रालयले निर्णय गरी ऐनको दफा २९ को उपदफा (२) वा (३) बमोजिम स्थापना भएका पुनःस्थापना केन्द्रमा आवासीय रुपमा राख्नका लागि पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पठाइएका अपाङ्गता भएका व्यक्तिलाई मन्त्रालयले जुन पुनःस्थापना केन्द्रमा राख्नका लागि पठाएको हो सोही पुनःस्थापना केन्द्रमा राख्नु पर्नेछ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

सचिव

(३) पुनःस्थापना केन्द्रमा बस्ने अपाङ्गता भएका व्यक्तिको अपाङ्गता परिचयपत्र निज पुनःस्थापना केन्द्रमा रहुन्जेल सोही पुनःस्थापना केन्द्रको जिम्मामा राखिनेछ।

८. **सम्झौता गर्नु पर्ने:** दफा ७ बमोजिम पुनःस्थापना केन्द्रमा पठाउँदा पुनःस्थापना केन्द्र र मन्त्रालय बीच अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

## परिच्छेद-३

## मापदण्ड, खर्च तथा कर्मचारी सम्बन्धी व्यवस्था

९. **पुनःस्थापना केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड:** पुनःस्थापना केन्द्रले ऐन तथा नियमावलीमा उल्लिखित मापदण्डको अतिरिक्त देहाय बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ:-

(क) सम्पूर्ण भौतिक संरचनाहरु पहुँचयुक्त र अपाङ्गतामैत्री हुनु पर्ने,

(ख) कम्तीमा तीन महिनाको एक पटक धार्मिक स्थल, पार्क जस्ता सार्वजनिक स्थलमा लैजाने तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी गराउने व्यवस्था गर्नु पर्ने,

(ग) पुनःस्थापना केन्द्रका भवन तथा कोठा आवश्यकता अनुसार रङ्गरोगन र मर्मतसम्भार गरी सफा र स्वच्छ राख्नु पर्ने,

(घ) महिला र पुरुषलाई अलग अलग कोठामा राख्ने व्यवस्था गर्नुपर्ने,

(ङ) बौद्धिक अपाङ्गता वा मनोसामाजिक अपाङ्गता र शारीरिक अपाङ्गता भएका व्यक्तिलाई अलग अलग भवनमा, सो सम्भव नभए अलग अलग कोठामा राख्ने व्यवस्था गर्नुपर्ने,

(च) आवश्यकता अनुसार ♥फिजियो थेरापी वा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनु पर्ने,

(छ) ♥आवश्यकता अनुसार सरकारी अस्पतालको चिकित्सकबाट स्वास्थ्य परीक्षण गराउने व्यवस्था गर्नु पर्नेछ,

(ज) पुनःस्थापना केन्द्र सुरक्षित र मर्यादित बनाउनु पर्ने,

(झ) मन्त्रालयले तोकेका अन्य मापदण्ड ।

सुरेन्द्रराज आचार्य
मन्त्री

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

♥ पहिलो संशोधनद्वारा संशोधित।

सचिव

१०. **बजेट सम्बन्धी व्यवस्थाः** (१) पुनःस्थापना केन्द्रमा रहेका व्यक्तिको संख्याको आधारमा सम्बन्धित पुनःस्थापना केन्द्रले मन्त्रालय समक्ष ♥बार्षिक र त्रैमासिक एकाइगत रुपमा अनुमानित लागत सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेट पेश गर्दा देहायका कागजात सहित मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) पुनःस्थापना केन्द्र दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि,

(ख) पुनःस्थापना केन्द्र दर्ता नवीकरण भएको भए सोको प्रमाण पत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बरको दर्ता प्रमाण-पत्रको प्रतिलिपि र कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि

(घ) पुनःस्थापना केन्द्रको पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।

(ङ) ♦पुनर्स्थापना केन्द्रले सो केन्द्र सञ्चालनको लागि छुट्ट्याएको बजेटको अनुमानित विवरण।

(३) उपदफा (१) बमोजिम पेश भएको बजेटको आधारमा ऐन तथा नियमावली बमोजिम स्थापना भएका पुनःस्थापना केन्द्रलाई मन्त्रालयले तोके बमोजिमको रकम मन्त्रालयको वार्षिक विनियोजित बजेटबाट अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराइने बजेट दफा ११ मा उल्लिखित विषयमा मात्र खर्च गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम उपलब्ध गराइएको रकमबाट पुनःस्थापना केन्द्रलाई आवश्यक पर्ने रकम नपुग भएमा नपुग रकम सम्बन्धित पुनःस्थापना केन्द्र आफैंले व्यहोर्नु पर्नेछ।

११. **खर्च सम्बन्धी व्यवस्थाः** ♥मन्त्रालयले उपलब्ध गराएको अनुदान रकम पुनःस्थापना केन्द्रले प्रचलित कानूनको अधिनमा रही अनुसूची-३ मा उल्लेखत बिषयमा खर्च गर्नु पर्नेछ।

सुरेन्द्रराज आचार्य
मन्त्री

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

♦ पहिलो संशोधनद्वारा थप ।

♥ पहिलो संशोधनद्वारा संशोधित।

सचिव

१२. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) पुनःस्थापना केन्द्रले आधारभूत स्वास्थ्य सेवाको लागि चालीस जनासम्म अपाङ्गता भएका व्यक्तिको लागि राजपत्र अनङ्कित प्रथम श्रेणी सरहको एक जना ♥फिजियोथेरापिष्ट वा एक जना स्टाफ नर्स राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि चालीस जनाभन्दा बढी अपाङ्गता भएका व्यक्ति भएमा एक जना ♥फिजियोथेरापिष्ट वा एक जना स्टाफ नर्स थप गर्न सकिनेछ।

♦(२क) चालीसजना भन्दा कम अपाङ्गता भएका व्यक्तिको हकमा फिजियोथेरापिष्ट वा स्टाफ नर्सको लागि आवश्यकता अनुसार आंशिक सेवा लिने व्यवस्था गर्नु पर्नेछ।

(३) न्यूनतम दश जना अपाङ्गता भएका व्यक्ति बराबर तीन जना तालीम प्राप्त ♥(न्यूतम पारिश्रमिक प्राप्त गर्ने गरी) सहयोगी तथा तीन जना अपाङ्गता भएका व्यक्ति थपिएमा एक जनाको दरले सहयोगी थप गर्न सकिनेछ।

(४) चालीस जना अपाङ्गता भएका व्यक्तिको लागि एक जना खाना पकाउने भान्से र एक जना सहयोगी राख्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि चालीस जनाभन्दा बढी अपाङ्गता भएका व्यक्ति भएमा एक जना खाना पकाउने भान्से र एक जना सहयोगी थप गर्न सकिनेछ।

## परिच्छेद-४

## विविध

१३. **जिम्मा लगाउन सकिने:** (१) मन्त्रालयबाट पुनःस्थापना केन्द्रमा पठाइएका अपाङ्गता भएका व्यक्तिलाई निजको परिवारका सदस्य वा संरक्षकले हेरचाह वा पालन पोषण गर्न चाहेमा मन्त्रालयको सहमतिमा परिवारका सदस्य वा संरक्षकलई जिम्मा लगाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम परिवारका सदस्य वा संरक्षकलाई जिम्मा लगाइएमा दफा ७ को उपदफा (३) बमोजिम पुनःस्थापना केन्द्रमा राखिएको अपाङ्गता परिचयपत्र अपाङ्गता भएका व्यक्तिलाई फिर्ता गरिनेछ।

सुरेन्द्रराज आचार्य
मन्त्री

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

♥ पहिलो संशोधनद्वारा संशोधित।

♦ पहिलो संशोधनद्वारा थप ।

♥ पहिलो संशोधनद्वारा संशोधित।

सचिव

*(३) उपदफा (१) बमोजिम परिवारका सदस्य वा संरक्षकलाई जिम्मा लगाउँदा बाटो खर्चस्वरुप बढीमा पाँचहजारसम्म प्रोत्साहन भत्ता प्रदान गर्न सकिनेछ।

*१३क. <u>गुनासो सम्बन्धमा</u>: (१) मन्त्रालयबाट सिफारिस भई पुनस्थापना केन्द्रमा पुनर्स्थापना सेवा लिइरहेका व्यक्तिको सम्बन्धमा कुनै प्रकारको गुनासो प्राप्त भएमा मन्त्रालयले त्यस्तो गुनासोको सम्बोधन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गुनासो सम्बोधन गर्दा मन्त्रालयले पुनस्थापना केन्द्रमा पुनर्स्थापना सेवा लिइरहेका व्यक्तिको सम्बन्धमा कुनै कैफियत देखिएमा त्यस्ता व्यक्तिको सम्बन्धमा मन्त्रालयबाट भएको निर्णयमा संशोधन गर्न सक्नेछ।

१४. <u>अनुगमन तथा निरीक्षण</u>: (१) मन्त्रालय वा सिफारिस समितिले ऐन, नियमावली तथा यस कार्यविधि बमोजिम पुनःस्थापना केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा कम्तीमा तीन महिनामा एक पटक अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयका कर्मचारी वा सिफारिस समितिका सदस्यले निरीक्षण तथा अनुगमन गरेको सात दिनभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) सम्बन्धित प्रदेश तथा स्थानीय तहले यस कार्यविधि बमोजिम पुनःस्थापना केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा पुनःस्थापना केन्द्रले ऐन, नियमावली तथा यस कार्यविधि बमोजिमको मापदण्ड पूरा नगरेको वा ऐन, नियमावली तथा यस कार्यविधि विपरीत काम कारवाही गरेको पाइएमा एक महिनाभित्र मापदण्ड पूरा गरी पुनःस्थापना केन्द्र सञ्चालन गर्न निर्देशन दिनेछ।

(५) उपदफा (४) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित पुनःस्थापना केन्द्रको कर्तव्य हुनेछ।

१५. <u>विवरण उपलब्ध गराउनु पर्ने</u>: पुनःस्थापना केन्द्रले मन्त्रालयबाट सिफारिस गरी पठाइएका अपाङ्गता भएका व्यक्तिको अद्यावधिक विवरण प्रत्येक वर्ष मन्त्रालयमा पठाउनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।

सुरेन्द्रराज आचार्य
मन्त्री

सचिव

१६. <u>निःशुल्क उपलब्ध गराउनु पर्ने:</u> अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री पुःस्थापना केन्द्रको लिखित अनुरोधमा मन्त्रालयले निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

१७. <u>प्रतिवेदन पेश गर्ने:</u> (१) पुनःस्थापना केन्द्रले आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र मन्त्रालयमा वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा पुनःस्थापना केन्द्रको वार्षिक आय/व्ययको विवरण, पुनःस्थापित व्यक्तिको विवरण, पुनःस्थापना केन्द्रले गरेको कार्यसम्पादनको वार्षिक प्रगति प्रतिवेदन, पुनःस्थापना केन्द्रबाट सञ्चालित कार्यक्रमबाट प्रदान गरिएको सेवा सुविधाको विवरण लगायत अन्य आवश्यक विषय समावेश गर्नु पर्नेछ।

१८. <u>बचाऊ:</u> "सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिको आवासीय पुनस्थापना सेवा सञ्चालन विधि, २०७२" बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

मन्त्री

सचिव

## अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

### पुनःस्थापना हुन चाहने व्यक्तिको विवरण फाराम

पुनःस्थापना हुन् चाहने व्यक्तिको पासपोर्ट साइजको फोटो

(१) **व्यक्तिगत विवरणः**

- (क) पूरा नाम, थरः...............................
- (ख) लिङ्गः....................
- (ग) जन्म मिति (वि.सं) ........................
- (घ) नागरिकता प्रमाणपत्र नं./नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र नं..................
- (ङ) जारी गरेको जिल्लाः.............................
- (च) परिचयपत्र प्राप्त गरेको कार्यालयः............................. जिल्लाः .................
- (छ) बाबुको नामः...................................... आमाको नामः.........................
- (ज) स्थायी ठेगानाः गाउँपालिका/नगरपालिका.................... जिल्लाः ...............
  वडा नं. ............ टोलः............
- (झ) अस्थायी ठेगानाः गाउँपालिका/नगरपालिका....................जिल्ला.................
  वडा नं. .............. टोलः............
- (ञ) टेलिफोन नं ..............

(२) **संरक्षकको विवरणः**

पुनःस्थापना हुन् चाहने व्यक्तिको संरक्षकको पासपोर्ट साइजको फोटो

- (क) नाम, थर.........................................
- (ख) लिङ्गः...................
- (ख) जन्म मिति (वि.सं.) ........................
- (ग) नागरिकता प्रमाणपत्र नं. ...............
- (घ) जारी गरेको जिल्ला...........................
- (ङ) पुनःस्थापना हुन् चाहने व्यक्ति र संरक्षकको सम्बन्धः ...............
- (च) संरक्षक संस्था एवम् कर्मचारी भए कर्मचारी परिचयपत्र नं...............................
- (छ) पेशाः ......................
- (ज) स्थायी ठेगानाः जिल्ला.................... गाउँपालिका /नगरपालिका..................
  वडा नं. ................. टोल..................
- (झ) अस्थायी ठेगानाः जिल्ला............. गाउँपालिका /नगरपालिका.....................
  वडा नं. .................... टोल.....................
- (ञ) टेलिफोनः.................. मोबाईलः..........................
  इमेलः.........................

राज आचार्य
मन्त्री

सचिव

माथिको विवरण ठिक साँचो हो। फरक पर्ने छैन। फरक परेमा कानुन बमोजिम सहुला बुझाउँला भनी संरक्षकले दस्तखत गर्ने:

**निवेदकः (पुनःस्थापना हुन चाहने व्यक्ति)**

नाम, थरः ................................

दस्तखतः ................................

मितिः ................................

सम्पर्क नम्बरः ................................

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**संरक्षक वा निवेदन दिन लिएर आउने व्यक्तिः**

नाम,थरः....................

दस्तखतः ................................

मितिः ................................

सम्पर्क नम्बरः ................................

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

(३) निवेदक पूर्ण अशक्त अपाङ्गता भएको बेसहारा व्यक्ति र आर्थिक रुपले अति विपन्न भएकोले निजलाई पुनःस्थापनाका लागि पठाउन आवश्यक देखिएकोले सिफारिस गर्दछु।

**सिफारिस गर्नेको:-**

नाम :

पदः

दस्तखतः

स्थानीय तहः

कार्यालयको छाप :

**नोटः अपाङ्गता भएका व्यक्तिको दुई प्रति फोटो समेत संलग्न गर्ने।**

सुरेन्द्रराज आचार्य
मन्त्री

सचिव

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

<u>सम्झौतापत्रको ढाँचा</u>

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (यसपछि प्रथम पक्ष भनिएको) र ............................................... पुनःस्थापना केन्द्र (यसपछि दोस्रो पक्ष भनिएको) बीच अपाङ्गता भएका व्यक्तिको आवासीय पुनःस्थापना केन्द्र सञ्चालन गर्ने सम्बन्धमा देहाय बमोजिमका शर्तहरुका अधीनमा रही कार्य गर्ने सहमत भई मिति २०../.../... मा द्विपक्षीय सम्झौता गरी लियौं/दियौं।

२. आ.व. ........ मा अपाङ्गता भएका व्यक्तिको आवासीय पुनःस्थापना केन्द्र सञ्चालनको लागि प्रथम पक्षले विनियोजन गरेको रकम रु. ........./-(रु. ........) मध्ये प्रथम त्रैमासिक वापत रु. ........./- (रु. ...........) दोस्रो त्रैमासिकमा रु ........../- (रु. .........)तेस्रो त्रैमासिकमा रु. ............/- (रु. ........) र चौथो त्रैमासिकमा रु ........../- (रु. ...........) को सीमा भित्र रही उपलब्ध गराउनेछ।

३. विनियोजित बजेट प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउँदा पुनःस्थापना केन्द्रमा पठाइएका व्यक्तिहरुको संख्याको आधारमा बजेट उपलब्ध गराउने र त्यस्तो बजेट आर्थिक वर्षको शुरूबाट लागू हुने गरी उपलब्ध गराइनेछ ।

४. दोस्रो पक्षले अपाङ्गता भएका व्यक्तिको लागि यस कार्यविधिमा भएको व्यवस्था बमोजिमको सेवा प्रदान गर्नु पर्नेछ।

५. पहिलो पक्षले उपलब्ध गराएको अनुदान रकमबाट दोस्रो पक्षले प्रचलित कानूनको अधीनमा रही कार्यविधिको अनुसूची ३ ले तोकेको मापदण्डमा उल्लिखित विषयमा खर्च गर्नुपर्नेछ।

६. पहिलो पक्षले उपलब्ध गराएको अनुदान रकमबाट प्रचलित कानूनको अधीनमा रही दोस्रो पक्षले कार्यविधिको दफा १२ मा उल्लिखित जनशक्तिलाई पारिश्रमिक प्रदान गर्न सक्नेछ।

७. पुनःस्थापना सेवा सञ्चालनका लागि नियुक्त भएका जनशक्तिको पारिश्रमिक श्रम ऐन २०७४ को दफा १०६ को व्यवस्था अनुसार न्यूनतम पारिश्रमिक प्रदान गर्नु पर्नेछ।

सुरेन्द्रराज आचार्य
मन्त्री

सचिव

८. पुनःस्थापना सेवा लिने व्यक्तिको संख्याको आधारमा आंशिक सेवा लिने गरी जनशक्तिको व्यवस्था गर्नु पर्नेछ।

९. दोस्रो पक्षले खरिद सम्बन्धी प्रचलित कानून बमोजिम खाद्यान्न, लत्ताकपडा लगायतका दैनिक उपभोग्य सामग्री खरिद गर्नुपर्नेछ।

१०. दोस्रो पक्षले आवासीय पुनःस्थापना केन्द्रमा बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्तिलाई बर्षको २ पटक प्रति व्यक्ति प्रतिवर्ष रु.......दरमा नबढ्ने गरी लत्ता कपडा वितरण गर्नु पर्नेछ।

११. दोस्रो पक्षले आवासीय पुनःस्थापना केन्द्रमा बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्तिलाई खाद्यान्न उपलब्ध गराउँदा प्रतिव्यक्ति प्रतिदिन रु ...... का दर (प्रचलित बजार दर, दान दातव्य र संस्थामा प्राप्त हुने नगद तथा जिन्सी सहयोग समेतको आधारमा) मा नबढ्ने गरी खर्च गर्नु पर्नेछ।

१२. दोस्रो पक्षले प्रथम पक्षसँग रकम निकासा माग गर्दा देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछः-

(क) अपाङ्गता भएका व्यक्तिको फोटो सहितको विरण,

(ख) पारिश्रमिक पाउने गरी नियुक्त कर्मचारीको नियुक्तिपत्र, हाजिरी, तलव बुझेको भरपाई, बैंक विवरण,

(ग) समान खरिद गरेको बिल भरपाईको प्रतिलिपि,

(घ) सहायक सामग्री वितरण गरेको भए सो बुझेको भरपाई,

(ङ) आफूले सम्पादन गरेको कार्यको त्रैमासिक प्रगति प्रतिवेदन,

(च) प्रदान गरिएको सेवा सुविधाको विवरण।

१३. कार्यक्रम सञ्चालन गर्ने क्रममा दोस्रो पक्षले जिल्ला/प्रदेशस्थित आफ्नै निकाय वा अरु सहयोगी संस्थाबाट पनि कार्यक्रम सञ्चालन गर्ने वा सहयोग लिनु परेमा प्रथम पक्षको पूर्व स्वीकृति लिनुपर्नेछ।

सुरेन्द्रराज आचार्य
मन्त्री

सचिव

१४. पहिलो पक्षले उपलब्ध गराएको अनुदान रकमबाट प्रचलित कानूनको अधीनमा दोस्रो पक्षले तोकिएको मापदण्ड बमोजिम खर्च गर्दा मितव्ययिता कायम गरी कम लागत र गुणस्तरीय रुपमा गर्नु पर्नेछ।

१५. दोस्रो पक्षले जुन आर्थिक वर्षको लागि अनुदान प्राप्त गरेको सोही आर्थिक वर्षभित्र खर्च गरी सक्नुपर्नेछ । आर्थिक वर्षको अन्तमा खर्च हुन नसकी दोस्रो पक्षको खातामा बाँकी रहेको रकम असार पन्ध्र गते भित्र मन्त्रालयमा फिर्ता गर्नुपर्नेछ ।

१६. दोस्रो पक्षले नेपाल सरकारको स्वीकृत कार्यक्रम तथा मन्त्रालयको नीति, निर्देशन तथा यस कार्यविधिको प्रतिकूल हुने गरी कार्यक्रम सञ्चालन गरेमा वा बजेट खर्च गरेमा प्रथम पक्षले सम्झौता रद्द गरी खर्च गरेको रकम फिर्ता गर्न लगाई प्रचलित कानून बमोजिम थप कारवाही समेत गर्नेछ ।

१७. कार्यक्रम सञ्चालन गर्ने क्रममा कुनै बाधा अड्चन आइपरेमा प्रथम र दोस्रो पक्षको आपसी समन्वय एवं सहमतिबाट बाधा अड्चन फुकाइनेछ। समन्वय र सहमतिबाट समस्या समाधान नभएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

१८. वार्षिक तथा त्रैमासिक प्रगति प्रतिवेदन यसैसाथ संलग्न ढाँचामा नियमानुसार पेश गर्नुपर्नेछ।

**सम्झौता गर्ने:**

**प्रथम पक्षको तर्फबाट:**

नाम, थर: ..............

पद: .....................

दस्तखत:

मिति: .....................

सम्पर्क न: .....................

छाप:

**साक्षी:**

नाम, थर: ...............

पद: .................

दस्तखत: ..............

मन्त्रालय: महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलय अपाङ्गता अधिकार प्रवर्द्धन शाखा ।

**दोस्रो पक्षको तर्फबाट:**

नाम,थर: ......................

पद: ................

दस्तखत:

मिति: ...............................

सम्पर्क न: ........................

छाप:

**साक्षी:-**

नाम, थर: ............

पद: .................

दस्तखत:.............

पुन:स्थापना केन्द्र: ............।

इति सम्वत् .........साल .........महिना........ गते रोज ........ शुभम्।

अनुसूची-३

(दफा ११ सँग सम्बन्धित)

सचिव

खर्च सम्बन्धी व्यवस्था

मन्त्रालयले उपलब्ध गराएको अनुदान रकम पुनःस्थापना केन्द्रले प्रचलित कानूनको अधिनमा रही देहायका विषयमा खर्च गर्न सक्नेछः-

(क) दैनिक उपभोग्य सामाग्रीः (खाजा, खाना, लत्ताकपडा, र पानी आदी)

(ख) फिजियोथेरापी सेवाका लागि प्रयोग हुने मेशिन, औजार तथा औषधि उपचार खर्चः (नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने औंषधि बाहेकका औंषधि र स्वास्थ्य विमा अन्तर्गत समेटिएका औषधी एवम उपचार खर्च बाहेकको खर्च) तर आपतकालीन अवस्थामा स्वास्थ्य उपचार गर्नुपरेमा नजिकको कुनै अस्पताल वा स्वास्थ्य प्रदायक केन्द्रबाट सेवा लिंदा मन्त्रालयको सहमतिमा त्यस्तो सेवा लिन सकिनेछ।)

(ग) मनोरञ्जनः (सार्वजनिक स्थलको अवलोकन भ्रमण, खेलकूदमा सहभागिताको लागि यातायात खर्च/भाडा तथा खेलकुद सामग्री)

(घ) सामान्य प्रशासनिक खर्चः (पत्र पत्रिका, इन्टरनेट, सेवा *महसुल जस्ता चालु खर्च)

(ङ) मर्मत तथा सम्भारः (आवासको रङ्गरोगन र मर्मत सम्भार, विस्तारा व्यवस्थापन, भान्सा व्यवस्थापन, धारा, विजुली)

(च) विविधः (इन्धन, ग्याँस, विद्युतको खर्च, सरसफाई)

सुरेन्द्रराज आचार्य
मन्त्री

---

* पहिलो संशोधनद्वारा थप ।